नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय
भोजपुर

फोन नं. ०२९-४२०१३३
फ्याक्स नं. ०२९-४२०७३०

## भोजपुर जिल्लामा कोभिड–१९ महामारीको हालको अवस्थाका सम्बन्धमा जारी गरिएको

# प्रेस विज्ञप्ति

कोरोना भाइरस (कोभिड–१९) को सम्भावित जोखिम नियन्त्रणको लागि जारी गरिएको लकडाउनको आदेश पालना गरी यस विषम परिस्थितिमा भोजपुर जिल्लावासीले पुऱ्याउनु भएको साथ सहयोग र समर्थन प्रति हार्दिक आभार प्रकट गर्दै यस जिल्लामा कोभिड–१९ को रोकथाम, नियन्त्रण र उपचार सम्बन्धी दोश्रो पटक जारी गरिएको लकडाउन अवधिसम्म भएका काम कारवाही र जिल्लाको हालको समग्र अवस्थाको वारेमा सवैमा जानकारी गराउने उद्देश्यले यो प्रेस विज्ञप्ति जारी गरिएको छ।

**१. क्वारेन्टीन र आइसोलेसन वेड निर्माण:** यस जिल्लाको विभिन्न पालिकाहरुमा हालसम्म २९१ वटा क्वारेन्टीन वेड र जिल्ला अस्पताल, केही पालिकाहरुका स्वास्थ्य संस्था लगायतका विभिन्न स्थानहरुमा ३० वटा आइसोलेसन वेड निर्माण गरिएको छ भने आवश्यकता अनुसार तत्काल उल्लेखित संख्या बढाउन सकिने गरी तयारी भइरहेको।

**२. कोभिड-१९ को परीक्षण:** मिति २०७६–१२–०४ गते कतार एयरवेजको QR 652 वाट नेपाल आएका षडानन्द नगरपालिका १, नेपांलेडाँडाका पूर्णबहादुर राई र भारतवाट सिलिगुडी हुदैं नेपाल आएका विक्रम कोइराला सोही न.पा.को दिंगलामा क्वारेन्टीनमा बसिरहेको अवस्थामा निजहरुको स्वाव संकलन गरी परीक्षणका लागि वि.पि. कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठान धरान पठाइएकोमा दुवै जनाको स्वाव परीक्षणबाट कोभिड-१९ नेगेटिभ देखिएकोले निजहरुलाई सेल्फ क्वारेन्टीनमा बस्ने गरी घर पठाइएको । त्यसै गरी मिति २०७६–१२–०४ गते कतार एयरवेजको QR 644 वाट नेपाल आएका अरुण गाउँपालिका ४, चरम्वीका धनराज तामाङलाई उपचारार्थ वि.पि. कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठान धरानमा भर्ना गरिएकोमा निजको स्वाब परीक्षणवाट कोभिड–१९ पुष्टी नभएकोले निजलाई सेल्फ क्वारेन्टीनमा वस्ने गरी घर पठाइएको।

**३. क्वारेन्टीनमा वस्नेको संख्या:** भारत लगायत विभिन्न मुलुकहरुवाट जिल्ला प्रवेश गरेका ३० जना व्यक्तिहरुलाई जिल्लाका विभिन्न पालिकाहरुमा रहेका क्वारेन्टीनमा राखिएको।

प्रमुख जिल्ला अधिकारी

**४. कमाण्ड पोष्ट र CMC गठन:** प्रमुख जिल्ला अधिकारीको संयोजकत्वमा सुरक्षा र स्वास्थ्य निकायका प्रमुखहरु सदस्य रहेको कमाण्ड पोष्टले कोरोना भाइरसको कारण सृजित विषम परिस्थितिका सम्बन्धमा पालिकाहरु एवं अन्य निकायहरुसँग आवश्यक समन्वय गर्ने र निर्देशन दिने कार्य भइरहेको छ भने कोभिड–१९ को रोकथाम, नियन्त्रण र उपचारमा सहयोग, समन्वय, सहजीकरण र अनुगमन गर्ने लगायतका कामहरु गर्न जिल्ला स्तरीय Crisis Management Center ( CMC ) स्थापना गरिएको साथै जिल्ला समन्वय समितिका प्रमुख श्री लक्ष्मण खड्काको संयोजकत्वमा भोजपुर न.पा.का प्रमुख श्री कैलाश कुमार आले र पौवादुङमा गा.पा.का उपाध्यक्ष श्री संझना राई सदस्य रहेको सल्लाहकार समिति गठन गरिएको ।

**५. सवारी पास अनुमति:** खाद्यान्न ढुवानी, अलपत्र परेका मजदुर/व्यक्तिहरुको उद्धार र अत्यावश्यक कामको लागि प्रयोग हुने ३९७ सवारी साधनलाई सवारी पास अनुमति प्रदान गरिएको ।

**६. खाद्यान्नको मौज्दात:** खाद्य व्यवस्था तथा व्यापार कम्पनी लिमिटेडको विक्री केन्द्र र जिल्लामा रहेका मुख्य मुख्य खाद्य पसलहरुमा रहेको खाद्यान्नको मौज्दात संकलन गरिए अनुसार जिल्लावासीहरुको लागि दुई महिनासम्म पुग्ने खाद्य सामाग्री मौज्दात रहेको र आपूर्ति समेत भइरहेको ।

**७. पेट्रोलियम पदार्थ:** ग्याँस, डिजेल, पेट्रोलको मौज्दात आवश्यकता अनुसार रहेको र त्यस्ता वस्तुको आपूर्ति गर्ने आपूर्तिकर्तासँग समन्वय गरी नियमित रुपमा आपूर्ति गर्ने व्यवस्था मिलाइएको ।

**८. श्रमिक र मजदुरको उद्दार:** जिल्लामा संचालनमा रहेका विभिन्न आयोजनाहरुमा कार्यरत करिव २५० मजदुरहरुको उद्दार गरी निजहरुको गृह जिल्लासम्म पुऱ्याइएको र विभिन्न स्थानहरुमा अलपत्र परेका करिव २०० जिल्लावासीहरुलाई अन्तर जिल्ला समन्वय गरी यस जिल्लामा ल्याइएको ।

**९. बजार अनुगमन:** बजारमा खाद्यान्न, नून, तेल, चिनी लगायतका दैनिक उपभोग्य वस्तुको सञ्चितिको लेखाजोखा गर्न र त्यस्ता वस्तुहरुको बिक्री वितरणलाई व्यवस्थित गरी संक्रमणमुक्त बनाउन, व्यवसायीहरुसँग निरन्तर समन्वय र छलफल गरी आपूर्ति व्यवस्थालाई सहज तुल्याउन, अत्यावश्यक वस्तुको कृत्रिम अभाव हुन नदिन, कालो वजारी गर्ने र जथाभावी मूल्य लिने प्रवृत्ति नियन्त्रण गर्न नियमित रुपमा वजार अनुगमन भइरहेको ।

**१०. राहत वितरण:** भोजपुर नगरपालिका भित्र बसोवास गर्ने न्यून आय भएका र दैनिक ज्याला मजदुरी गरी जीविकोपार्जन गर्ने करिब ३११ घरधुरीका व्यक्तिहरुलाई भोजपुर नगरपालिकाद्धारा ९३३९ के.जी चामल, ३११ के.जी. नून, ३११ के.जी. चिनी, ३११ के.जी. दाल र ३११ लि. खानेतेल राहत स्वरुप वितरण गरिएको र अन्य स्थानीय तहहरुले पनि राहत सामाग्री वितरण गर्नका लागि तोकिएको मापदण्ड अनुसार राहत पाउन योग्य घरपरिवारको तथ्यांक संकलन गर्ने कार्य सम्वन्धित पालिकाहरुका वडाअध्यक्ष/सदस्य मार्फत भइरहेको ।

नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय
भोजपुर

**११. प्रचार प्रसार:** लकडाउनको अवधिमा कोरोना भाइरस रोकथाम तथा नियन्त्रण सम्बन्धी सन्देश मूलक जानकारी विभिन्न सञ्चार माध्यम एवं सामाजिक सञ्जालहरु मार्फत नियमित रुपमा प्रचार प्रसार गर्ने कार्य भइरहेको ।

अधिकारी

**१२. लकडाउनको पालनाः** लकडाउनको अवधिमा अत्यावश्यक काममा बाहेक घरबाहिर निस्कन नदिन सुरक्षाकर्मीहरु परिचालन गरिएको र स्थानीय तहहरुले समेत जनचेतनामूलक कार्यक्रम संचालन गरिरहेको हुँदा लकडाउनको पालना गर्ने गराउने कार्यमा पर्याप्त मात्रामा साथ, सहयोग र समर्थन प्राप्त भएतापनि लकडाउन पालना नगर्ने ३५ वटा सवारी साधनहरु नियन्त्रणमा लिई केही सवारी चालकहरुलाई कारवाही समेत गरिएको ।

**अन्त्यमाः COVID-19** बाट उत्पन्न यस विषम परिस्थितिको सामना एवं प्रतिरोध गर्न सबै संयन्त्र सक्रियताका साथ  क्रियाशिल रहदैं आएको र दक्ष स्वास्थ्यकर्मीको अभाव, सीमित स्वास्थ्य उपकरणका बाबजुद पनि Isolation वार्ड तथा वेडहरु तयार गरी राखिएको हुँदा  संयमता र सतर्कता अपनाइ लकडाउनको पूर्ण परिपालन गरी अत्यावश्यक काममा बाहेक बाहिर ननिस्किकन घरभित्रै बसी दिनहुन सबैमा अनुरोध गर्दै आइरहेको व्यहोरा सर्वविदितै छ । अतः कोरोना भाइरस ( COVID-19) को संक्रमणको महामारी फैलिरहेको अवस्थामा आगामी दिनमा पनि संघीय, प्रादेशिक एवं सबै स्थानीय तहका जनप्रतिनिधिहरु, उद्योगी व्यवसायीहरु, सञ्चारकर्मीहरु, सम्पूर्ण राष्ट्रसेवक कर्मचारीहरु, नागरिक समाज एवं निजी क्षेत्रका संघ संस्थाहरु लगायत सम्पूर्ण जिल्लावासी आमा बुवा, दाजुभाई, दिदीवहिनीहरुबाट अझ बढी साथ, सहयोग र समर्थनको जिल्ला प्रशासन कार्यालय, भोजपुर अपेक्षा गर्दछ ।

नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय
भोजपुर

मितिः-२०७६/१२/२६

( वसन्तराज पुरी )
प्रमुख जिल्ला अधिकारी

प्रमुख जिल्ला अधिकारी